दुई शब्दहरू यस्ता छन्, जुन जिब्रोमा हलुका, तराजुमा भारी र रहमान (परम दयालु) लाई धेरै प्रिय छन्

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "दुई शब्दहरू यस्ता छन्, जुन जिब्रोमा हलुका, तराजुमा भारी र रहमान (परम दयालु) लाई धेरै प्रिय छन् ।" ती हुन्: " सुब्हानल्लाहि व बिहमदिही सुब्हानल्लाहिल
अजीम ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले दुईवटा वाक्यहरूको बारेमा भन्नुभएको छ, जुन व्यक्तिले कुनै पनि परिस्थितिमा सजिलै उच्चारण गर्न सक्छ, तर त्यो तराजूमा धेरै भारी हुनेछ र हाम्रो दयालु पालनकर्ताले ती दुवैलाई मन पराउनुहुन्छ, ती हुन्: ‘सुब्हानल्लाहि व बिहमदिही सुब्हानल्लाहिल अजीम’ (अल्लाहको महिमा होस् र उहाँको प्रशंसा होस्, महान अल्लाहको महिमा होस्); किनभने यी दुई वाक्यहरूमा अल्लाहको महानता र उहाँको पूर्णताको वर्णन गरिएको छ र उहाँलाई सबै कमजोरीहरूबाट पवित्र घोषित गरिएको छ ।

http://www.sunnah.global/hadeeth/ne/show/5507